आज मिति २०८१/०३/०६ गते अपरान्ह ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्रीं गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

CamScanner

**निर्णय नं. १:**

यस धनगढी उप-महानगरपालिकाको नगरसभाको एघारौँ अधिवेशनमा नगर प्रमुखज्यू द्वारा प्रस्तुत हुने आगामी आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आजको बैठकमा छलफल भयो । सो सम्बन्धमा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई आवश्यकतानुसार समेटी आगामी नगरसभा अधिवेशनमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस धनगढी उप-महानगरपालिकाको गत आ.व. ०७९/०८० को यथार्थ आय, चालु आ.व. ०८०/०८१ को संशोधित आय अनुमान र आगामी आ.व. ०८१/०८२ को देहाय बमोजिमको प्रक्षेपित आयको अनुमान, नगरसभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**धनगढी उप महानगरपालिका**
**उप महानगर कार्यपालिकाको कार्यालय, कैलाली**
**कार्यालयको कोड : ८०७७७३०१३००**
**राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

**आ.व. : २०८१/८२**

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| आय | १,६८,४०,१४,७२४.७९ | १,९४,९४,६०,२१८.०० | २,१८,४२,३२,२२०.५७ |
| राजस्व | ६३,५३,१७,२६९.७९ | ९४,९१,१२,२१८.०० | १,०८,२६,७८,२२०.५७ |
| आन्तरिक श्रोत | २७,९२,४७,६४९.५८ | ४७,९३,२०,२१८.०० | ५९,९७,२३,४३५.५७ |
| ११३३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | | ५,४०,००,०००.०० | ०.०० |
| ११३१३ सम्पती कर | ४,०९,२८,३३२.०० | ०.०० | ३,७५,००,०००.०० |
| ११३१४ भुमिकर/मालपोत | | १,१०,०००.०० | १,७५,००,०००.०० |
| ११३१७ वहाल कर | ५,८७,३८,९०२.३२ | ५,००,००,०००.०० | ७,५०,००,०००.०० |
| ११३१८ वहाल विटौरी कर | ७,०२,२८०.०० | ३५,००,०००.०० | ४०,६६,६६५.०० |
| ११४५१ सवारी साधन कर (साना सवारी) | १०,४६,३५०.०० | ८,८०,०००.०० | १५,००,०००.०० |
| ११६९१ अन्य कर | | १,१०,००,०००.०० | ५,००,०००.०० |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८७,६२,५९२.०० | १,२१,००,०००.०० | १०,७०,०००.०० |

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | २,३२,९३१.०० | १,१०,०००.०० | ५,००,०००.०० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | | ५५,००,०००.०० | ०.०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १,२७,७०,७८१.०० | ०.०० | ३५,००,०००.०० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | १४,७५,३८५.०० | १३,२०,०००.०० | २६,००,०००.०० |
| १४२४१ पार्किङ्ग शुल्क | ६४,५३,९९८.०० | ८८,००,०००.०० | ८१,९०,०००.०० |
| १४२४२ नक्सापास दस्तुर | २,९८,२७,५१२.०० | ४,४०,००,०००.०० | ५,००,००,०००.०० |
| १४२४३ सिफारिश दस्तुर | २,०९,०३,८३२.०० | २,९३,५८,२१८.०० | २,००,००,०००.०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १४,०२,६४०.०० | २२,००,०००.०० | १५,००,०००.०० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ४,८३,६४०.०० | ५,५०,०००.०० | ५,००,०००.०० |
| १४२४९ अन्य दस्तुर | ७,४००.०० | २,२०,०००.०० | १०,००,०००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३,६३,२२,०९५.०० | ४,४०,००,०००.०० | ५,००,००,०००.०० |
| १४२६५ अन्य क्षेत्रको आय | | ०.०० | ४०,०००.०० |
| १४३११ न्यायिक दण्ड, जरिवाना र जफत | ७७,१७९.०० | २२,०००.०० | १०,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | १०,४८,४४४.०० | ५,५०,०००.०० | ५५,००,०००.०० |
| ३२१२२ बैंक मौज्दात | | १२,५०,००,०००.०० | २३,२७,४६,७७०.५७ |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ३५,६०,६९,६२०.२१ | ४६,९७,९२,०००.०० | ४८,२९,५४,७८५.०० |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | १७,८१,२०,१०२.१२ | २३,००,००,०००.०० | २३,००,००,०००.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११,७४,५६,०६७.३२ | २१,९९,७८,०००.०० | १७,१२,८३,३४७.०० |

CamScanner

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ४,४७,५१,७९५.४३ | ०.०० | ६,२२,१६,६५३.०० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,४५,६२,५८४.५४ | १,५४,१४,०००.०० | १,६३,०१,०००.०० |
| ११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १,२८,७३०.०० | ६,००,०००.०० | ६,००,०००.०० |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १०,५०,३४०.८० | १६,५०,०००.०० | १६,५०,०००.०० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | | २१,५०,०००.०० | ८,८५,७८५.०० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | | ०.०० | १०,०००.०० |
| अन्य आय | ५,८०,६३,३५६.२६ | ८,६१,००,०००.०० | ७,८५,००,०००.०० |
| १४५२९ अन्य राजस्व | ५,८०,५०,६८५.२६ | ८,५०,००,०००.०० | ७,७५,००,०००.०० |
| १५१११ बेरूजू | १२,६७१.०० | ११,००,०००.०० | १०,००,०००.०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | १,०४,६७,३२,३३७.०० | १,००,०३,४८,०००.०० | १,१०,१५,५४,०००.०० |
| संघीय सरकार | १,०१,७५,९६,८८२.०० | ९३,२३,८६,०००.०० | १,०१,८७,२६,०००.०० |
| १३३११ समानिकरण अनुदान | ३०,३४,००,०००.०० | २८,४२,००,०००.०० | २७,८८,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | ५८,०७,३३,०००.०० | ५६,९४,००,०००.०० | ५८,९२,०६,०००.०० |
| १३३१३ शसर्त अनुदान पुंजीगत | ९,०६,७१,६००.०० | ३,८२,८६,०००.०० | ११,६७,२०,०००.०० |
| १३३१५ विषेश अनुदान पुंजीगत | १,६७,०५,०००.०० | ३,३०,००,०००.०० | २,१५,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुंजीगत | २,६०,८७,२८२.०० | ७५,००,०००.०० | १,२५,००,०००.०० |
| प्रदेश सरकार | २,९१,३५,४५५.०० | ६,७९,६२,०००.०० | ८,२८,२८,०००.०० |
| १३३११ समानिकरण अनुदान | २,४३,४५,०००.०० | २,५७,१२,०००.०० | २,६९,०६,०००.०० |

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान |
|---|---|---|---|
| १३३१२ शसर्त अनुदान चालु | | १७,५०,०००.०० | १३,७०,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | | १,३०,००,०००.०० | १,६५,८५,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | | ७०,००,०००.०० | ८०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १४,८६,५३७.०० | ०.०० | ०.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ३३,०३,९९८.०० | २,०५,००,०००.०० | २,९९,६७,०००.०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |

**निर्णय नं. ३:**

धनगढी उप-महानगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भै आएको धनगढी उप-महानगरपालिकाको आगामी आ.व.०८१/०८२ को व्यय अनुमान तर्फको चालु र पूँजीगत तर्फको व्यय अनुमान सहित आगामी आ.व. ०८१/०८२ को वार्षिक योजना तथा कार्यक्रमहरु आगामी नगर सभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:**

यस धनगढी उप-महानगरपालिकाको राजस्व परामर्श समितिको बैठकहरुबाट आगामी आ.व. ०८१/०८२ का लागि विभिन्न कर, शुल्क, सेवा शुल्क र दस्तुर सिफारिस भई आएकोमा आर्थिक विधेयक, २०८१ मा समावेश गरी आगामी नगर सभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

यस धनगढी उप-महानगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भै आएको धनगढी उप-महानगरपालिकाको आगामी आ.व. ०८१/०८२ को देहाय बमोजिमको व्यय अनुमान र क्षेत्रगत बाँडफाँड सहितको विनियोजन ऐन, २०८१ र योजना तथा कार्यक्रमहरु आगामी नगरसभाको बैठकमा पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

कुल व्यय तर्फ:- २ अर्ब १८ करोड ४२ लाख ३२ हजार २ सय २० रुपैंया ५७ पैंसा मध्ये चालु तर्फ १ अर्ब २१ करोड ९५ लाख २९ हजार १ सय १८ रुपैया ८६ पैंसा र पूँजीगत तर्फ ९६ करोड ४७ लाख ०३ हजार १ सय १ रुपैंया ७१ पैंसा बजेट विनियोजन गरिएको छ।

CamScanner

**क्षेत्रगत व्यय विवरण:-**

- आर्थिक विकास क्षेत्र तर्फ ८ करोड ३६ लाख ५१ हजार
- सामाजिक विकास क्षेत्र तर्फ ९९ करोड ११ लाख ३१ हजार
- पूर्वाधार विकास क्षेत्र तर्फ ५८ करोड ८५ लाख ३२ हजार
- सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ १८ करोड ४२ लाख ३० हजार
- कार्यालय संचालन प्रशासनिक खर्च तर्फ ३३ करोड ६६ लाख ८७ हजार

**निर्णय नं. ६:**

यस धनगढी उप-महानगरपालिकाको आगामी आ.व. ०८१/०८२ को देहाय बमोजिमको प्रक्षेपित आय/व्ययको अनुमान, आर्थिक विधेयक, २०८१, विनियोजन विधेयक, २०८१ सहितको बजेट, धनगढी उप-महानगरपालिकाको शिक्षा विधेयक, २०८१, आगामी नगरसभाको बैठकमा पेश गर्न उप-प्रमुख श्री कन्दकला कुमारी रानालाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

यस धनगढी उप -महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ .व .२०७५/०७६ मा श्री पी. एस. कन्स्ट्रक्सन कम्पनी प्रा. लि. डिल्लीबजार , काठमाण्डौ र यस कार्यालय बीच ठेक्का न. 53/DSMC/2080/081 को Construction of RCC Framed School Building (Block A, Block B, Block C) of Dhangadhi High School Ward No. 08, ठेक्का न. 61/DSMC/2075/076 को Construction of Rana Tharu Museum Block and other Structure with Landscaping Ward No. 13 र ठेक्का न. 62/DSMC/2080/081 को Construction of Compound Wall Footpath and other structure at Behadababa Temple area Ward No. 16 सम्बन्धी कार्यका लागी सम्झौता भइ कार्य सम्पन्न भइसकेकोमा मूल्य समायोजन सम्बन्धी विवाद समाधान गर्नका लागी Adjudicator नियुक्ति गरिएको विवरण सहित यस कार्यालमा निवेदन पेश गर्नुभएको र मिति २०८०/०९/१६ गतेका दिन नेपाल मध्यस्थता परिषद् (नेप्का) बाट समेत विवाद समाधानका लागी Arbitrator नियुक्ति गर्न पत्राचार गरिएकोमा यस कार्यालयको तर्फ बाट विवाद समाधान गर्नका लागी मध्यस्थताको रुपमा कार्य गर्न अधिवक्ता श्री शिवराज अधिकारी मन्जुर भएको हुँदा निजलाई मध्यस्थता नियुक्त गर्न गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८:**

यस धनगढी उप-महानगरपालिकाको विद्युत सामाग्री खरिदको भुक्तानी रु. १३ लाख नगरस्तरीय योजनाहरु (आन्तरिक श्रोत) सपिङ कम्पलेक्स भवन निर्माण गर्ने कार्य (TDF Matching) खर्च शिर्षक ३१११२ बाट व्यहोर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

धनगढी उपमहानगरपालिका वडा नं. ३ कालिकानगर चटकपुरमा सुविधा सम्पन्न बसपार्क निर्माण गर्नका लागि नगर विकास कोष, काठमाण्डौंसँग ऋण सहयोग माग गर्ने निर्णय गरियो।

**निर्णय नं.१०:**

आर्थिक बर्ष २०८०/८१ मा खरिद गरिएका निम्न मेसिनरी औजारको खरिद प्रक्रिया अनुमोदन गरियो ।

| Procurement Number | Amount(Rs) |
|---|---|
| 1. 45/DSMC/2080/081 Procurement for Supply and Delivery 1 (One) Unit of Road Washer cum Sprinkler | ६,०६९,०००।०० |
| 2. 51/DSMC/2080/081 Procurement Supply and Delivery of Smart City Bus | २४,८४०,०००।०० |
| 3. 40/DSMC/2080/081 Procurement for Supply and Delivery 1 (One) Unit of fire fighting Vehicle | ६,६३६,०००।०० |
| 4. 39/DSMC/2080/081 Procurement for Supply and Delivery 1 (One) Unit Truck Mounted Road Sweeper(Broomer) | ८,०५०,०००।०० |
| **Total** | ४५,५९५,०००।०० |

**निर्णय नं. ११:**

धनगढी उप-महानगरपालिका क्षेत्रभित्र कार्यालयबाट जारी भएका कानून, निर्णय तथा आदेशहरुको कार्यान्वयन, बजार क्षेत्रको प्रभावकारी व्यवस्थापन, नगरक्षेत्रभित्र प्राकृतिक तथा साँस्कृतिक स्रोत सम्पदाको संरक्षण, राजस्व संकलन, प्लाष्टिजन्य वस्तुको प्रयोगमा रोक, दमकल सेवा संचालन, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन लगायतका क्रियाकलापहरुको सुव्यवस्था कायम गर्न उप-महानगरपालिकामा कार्यरत नगर प्रहरी अपुग भएको हुँदा साविकको नगर प्रहरीको विभिन्न पदको स्वीकृत १- नगरप्रहरी निरीक्षक(अधिकृतस्तर छैठौं तह), २-नगर प्रहरी नायब निरीक्षक (सहायकस्तर पाँचौ तह), २- नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो तह), ६-नगर प्रहरी हवल्दार (सहायकस्तर तेस्रो) र २८- नगर प्रहरी जवानको करार दरबन्दी बाहेक उप-महानगरपालिकाको वर्तमान कार्यबोझलाई मध्यनजर गरी थप १- नगर प्रहरी नायब निरीक्षक (सहायकस्तर पाँचौ तह), २- नगर प्रहरी सहायक निरीक्षक(सहायकस्तर चौथो तह ) , २- नगर प्रहरी हवल्दार (सहायकस्तर तृतीय) र १०- जना नगर प्रहरी जवान पद सिर्जना गरी कुल १- नगर प्रहरी निरीक्षक (अधिकृतस्तर छैठौं तह), ३- नगर प्रहरी नायब निरीक्षक (सहायकस्तर पाँचौ तह), ४- नगर प्रहरी सहायक निरीक्षक (सहायकस्तर चौथो तह ), ८-नगर प्रहरी हवल्दार (सहायकस्तर तृतीय) र ३८- नगर प्रहरी जवान गरी ५४ वटा करार दरबन्दी कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

धनगढी उप-महानगरपालिकाका वडाहरुमा कार्यरत सामाजिक परिचालकहरुलाई निजको काम प्रति उत्तरदायी तथा जिम्मेवार बनाउन र कामका लागि अझ बढी उत्प्रेरित गर्न तोकिएको वडामा सम्पादन गरेको कामको आधारमा सम्बन्धित शाखाबाट मुल्यांकन गरी सोको आधारमा निजहरुलाई थप प्रोत्साहन भत्ता उपलब्ध गराई निरन्तर काम प्रति अभिप्रेरित गर्ने उद्देश्यले शाखागत रुपमा सम्पादन गरेको कामको उप-महानगरपालिकाद्वारा निर्धारण गरिने कुल पूर्णाङ्क र सूचकहरुको

CamScanner

अंकभारको आधारमा तोकिए अनुसारको न्यूनतम अङ्क देखि माथि प्राप्ताङ्क ल्याउने सामाजिक परिचालकहरुलाई वार्षिक मूल्यांकनको आधारमा आ.व. २०८१/८२ देखि प्रति महिना रु. ४०००/- को दरले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३:**

यस धनगढी उप-महानगरपालिका वडा नं०९ स्थित श्री **भवानी मा.वि.** को पुर्व तर्फ रहेका पुराना भवन जिर्ण अवस्थामा रहेको र भूकम्पको कारणले ठाउँ-ठाउमा चिरा तथा प्लास्टर झरिरहेको भवन शिक्षणका लागि उपयुक्त नभएर भत्काउनु पर्ने अवस्था भएको भनी विद्यालय व्यवस्थापन समितिको मिति २०८०/१०/१५ गतेको निर्णय भए बमोजिम उक्त पुराना भवनको स्थिति बुझी प्रतिवेदन पेश गर्नका लागि यस कार्यालयका स्ट्रक्चरल इन्जिनियर पठाइएकोमा उक्त भवनको स्थलगत निरीक्षणको प्राविधिक प्रतिवेदन अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ दफा २७ को उपदफा (४) बमोजिम भूकम्पीय जोखिमका दृष्टिले संकटासन्न भएको भौतिक संरचनालाई भत्काउनका लागि आदेश दिने निर्णय गरियो।

**निर्णय नं. १४:**

यस धनगढी उप-महानगरपालिका वडा नं१२ स्थित श्री **सिद्धनाथ मा.वि.** को पुरानो भवन र शौचालय जिर्ण भई विद्यालयमा पठनपाठन गर्न गराउन अति जोखिम भएको संरचना भत्काउनु पर्ने अवस्था भएको भनी विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/१८ गतेको निर्णय भए बमोजिम उक्त पुरानो भवन र शौचालयको स्थिति बुझी प्रतिवेदन पेश गर्नका लागि यस कार्यालयका स्ट्रक्चरल इन्जिनियर पठाइएकोमा उक्त भवनको स्थलगत निरीक्षणको प्राविधिक प्रतिवेदन अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ दफा २७ को उपदफा (४) बमोजिम भूकम्पीय जोखिमका दृष्टिले संकटासन्न भएको भौतिक संरचनालाई भत्काउनका लागि आदेश दिने निर्णय गरियो।

**निर्णय नं. १५:**

यस धनगढी उप-महानगरपालिकामा अग्नि नियन्त्रण गर्ने कार्यका लागि संचालनमा रहेका र आगामी दिनहरुमा थप हुन आउने बारुणयन्त्र (दमकल)को संचालन गर्न प्रति बारुणयन्त्रको लागि ५ जना दरले फायरमेनको करारको दरबन्दी कायम हुने गरी व्यवस्था मिलाउने निर्णय गरियो।

**निर्णय नं. १६:**

यस धनगढी उप महानगरको कार्यालयमा कार्यरत ईन्जिनियर, अधिकृतस्तर छैठौं, श्री राजु खड्का (क. स. नं. २३७६९५) को निजामती सेवा नियमावली, २०५० को नियम ६१ को उपनियम १ (ख ) र (६) बमोजिम पूर्व स्वीकृति लिई **International School of Urban Sciences, University of Seoul, South Korea** मा **Master's in Urban Administration and Planning** मा अध्ययन गर्न छनौट भएकोले निजको मिति २०८१/०४/२० देखि २०८३/०५/२० सम्मका लागि तलबी अध्ययन बिदा स्वीकृत गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलालीलाई सिफारिस गर्ने निर्णय गरियो।

**आजको बैठक अन्त गरियो।**